अनुसूची-७

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

निजामती कर्मचारीसँग गरिने कार्य सम्पादन सम्झौता फाराम

**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयका प्रदेश सचिव श्री अर्जुन कुमार बम (यसपछि "प्रथम पक्ष" भनिएको) र पूर्वाधार विकास कार्यालय, जाजरकोटका कार्यालय प्रमुख भुपेन्द्र प्रसाद जैसी (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच भएको**

## कार्य सम्पादन सम्झौता

प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० ले निर्दिष्ट गरे बमोजिम पूर्वाधार विकास कार्यालय जाजरकोटका कार्यालय प्रमुख पदमा कार्यरत श्री भुपेन्द्र प्रसाद जैसीको भूमिकालाई अझ बढी सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाई पूर्वाधार विकास कार्यालय, जाजरकोटबाट सञ्चालन हुने कार्यक्रम र प्रवाह हुने सेवालाई सुधार गर्दै नतिजामा आबद्ध गर्न देहायका शर्तहरुको अधीनमा रही प्रथम पक्षले काममा लगाउन र दोस्रो पक्षले कार्य सम्पादन गर्न मन्जुर भएकोले यो कार्य सम्पादन सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

तपसिल:

(क) कार्यसम्पादनको लक्ष्य र नतिजा सूचक

| सि. नं. | आयोजना/कार्यक्रमको विवरण | आ.व. २०८३/०८४ को कुल लक्ष्य | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कुल आयोजनाको संख्या | कुल लक्ष्य | समय सीमा | नतिजा सूचक | |
| | सडक निर्माण तर्फ | | | | | |
| १ | क. कालोपत्रे/पक्कि (कि.मि.) | ८१ | १.० | २०८४ असार मसान्तसम्म | १.० कि.मि. सडक निर्माण हुने | Rigid Pavement |
| | ख. ग्राभेल/खण्डस्मिथ (कि.मि.) | | १०.० | २०८४ असार मसान्तसम्म | १०.० कि.मि. सडक निर्माण हुने | |
| | ग. माटे (कि.मि.) | | ४५.० | २०८४ असार मसान्तसम्म | ४५.० कि.मि. सडक निर्माण हुने | |
| | घ. अन्य: सडक स्तरोन्नति, नाला निर्माण आदि (कि.मि.) | | १.५ | २०८४ असार मसान्तसम्म | १.५० कि.मि. सडकको स्तरोन्नति, नाला निर्माण हुने | |

भु. प्रसाद जैसी
कार्यालय प्रमुख

प्रदेश सचिव

| सि. नं. | आयोजना/कार्यक्रमको विवरण | आ.व. २०८३/०८४ को कुल लक्ष्य: कुल आयोजनाको संख्या | कुल लक्ष्य | समय सीमा | नतिजा सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| | ङ. ट्याक कटिङ |  | ५.० | २०८४ असार मसान्तसम्म | ५.० कि.मि. सडक निर्माण हुने | |
| २ | पुल निर्माण (संख्या) | | | | | |
| | क. झोलुङ्गे पुल निर्माण (संख्या) | १० | ५ | २०८४ असार मसान्तसम्म | ५ वटा झो.पु. को निर्माण सम्पन्न हुने | |
| | ख. सडक पूल निर्माण (संख्या) | ११ | ४ | २०८४ असार मसान्तसम्म | ४ वटा सडक पुलको निर्माण सम्पन्न हुने | |
| | ग. झोलुङ्गे पुल निर्माण संघ शसर्त (संख्या) | | | | | |
| ३ | सार्वजनिक भवन निर्माण (संख्या) | | | | | |
| ४ | क. जनता आवास (संघ) | | | | | |
| | ख. जनता आवास (प्रदेश) | २३ | २३ | | २३ वटा आवास इकाईहरुको निर्माण सम्पन्न हुने | |
| ५ | विपन्नको घर कार्यक्रम (संख्या) | २२ | २२ | | २२ वटा आवास इकाईहरुको निर्माण सम्पन्न हुने | |
| ६ | कार्यालयको बेरुजु फछ्र्योट गर्न लगाउने | | प्रदेश सुशासन ऐन वमोजिम | | कार्यालयको शत प्रतिशत बेरुजु फछ्र्यौट भई शुन्य बेरुजु हुने | |
| ७ | गुनासो फछ्र्योट | | | | सेवा प्रवाहका सम्बन्धमा कार्यालयको शत प्रतिशत गुनासो सम्बोधन भई सुशासनमा टेवा पुगेको हुने । | |
| ८ | भूकम्पबाट क्षतिग्रस्त सामुदायिक विद्यालय | १८ | १८ | | १८ वटा भूकम्पबाट क्षतिग्रस्त नयाँ सामुदायिक विद्यालय हरुको निर्माण सम्पन्न हुने | |
| ९ | भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्था | ५ | ५ | | ५ वटा भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संस्थाहरुको निर्माण सम्पन्न हुने | |

प्रदेश सचिव

**(ख) कार्य शर्तहरु:**

क) सम्झौताको अवधि २०८३ साउन १ गतेदेखि २०८४ असार मसान्तसम्म हुनेछ ।

ख) यसैसाथ संलग्न कार्यसम्पादन सूचकहरुको आधारमा कार्यसम्पादनको अवस्थामा पहिचान हुनेछ । कार्यसम्पादन प्रगतिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।

ग) यसैसाथ संलग्न सूचकहरु बमोजिम आफूले गरेका कार्यहरु अर्धवार्षिक रुपमा र आ.व. समाप्त भएको ७ (सात) दिनभित्र प्रदेश सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेतमा कार्यसम्पादन मूल्याङ्कन फारामको साथ कार्यसम्पादन सम्झौताको स्वःमूल्याङ्कन प्रतिवेदन बुझाउनु पर्नेछ ।

घ) कार्य सम्पादन सूचक बमोजिम कर्मचारीले कार्यसम्पादन सम्झौतामा उल्लेखित मापन विधि र सम्वन्धी आधार प्रमाणहरु समेत संलग्न राखी आफ्नो कार्य सम्पादनको स्वःमूल्याङ्कन गर्नुपर्नेछ ।

ङ) सम्झौतामा उल्लेख भए बांहेक अन्य सिर्जनात्मक तथा नवप्रवर्तनीय (Innovative) कार्यहरु समेत सम्पादन गर्न सकिनेछ । त्यस्ता कार्यहरुको सूची भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेतका प्रदेश सचिव समक्ष पेश गर्नुपर्नेछ ।

च) कार्यसम्पादन सम्झौता अवधिमा अन्यत्र कार्यालय, निकाय वा शाखामा सरुवा तथा जिम्मेवारी हेरफेर भएमा नयाँ बहाल हुने कर्मचारीलाई आफु जिम्मेवार पद वा शाखाको कार्यसम्पादन प्रगति अवस्था, कार्यप्रकियाका बारेमा विस्तृत जानकारी सहित दैनिक डायरी, कार्यसञ्चालन कार्यविधि (TOR) लगायतका महत्वपूर्ण कागजातहरु हस्तान्तरण गर्नुपर्नेछ । सम्झौतामा उल्लेख भए अनुसारका बाँकी कार्यहरु सम्पादन गर्ने दायित्व नयाँ बहाल हुने कर्मचारीको हुनेछ ।

छ) यस सम्झौतामा समावेश नभएका तर तत्काल कार्यसम्पादन गर्नुपर्ने अन्य कार्यहरु प्रदेश सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय सुर्खेतबाट निर्देशन भए अनुसार सम्पादन गर्नुपर्नेछ ।

ज) कार्यालयमा सुशासन कायम गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ ।

| कार्यालयको तर्फबाट | मन्त्रालयको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः भुपेन्द्र प्रसाद जैसी | नामः श्री अर्जुन कुमार बम |
| पदः कार्यालय प्रमुख | पदः प्रदेश सचिव |
| पूर्वाधार विकास कार्यालय, | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, |
| जाजरकोट । | वीरेन्द्रनगर, सुर्खेत । |

इति सम्वत् २०८३ भाद्र १० गते रोज ४ शुभम् ।